आज मिति २०७८ साल माघ महिनाको ०९ गते आईतवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री सुरेन्द्र सिंह | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले वादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |

मिति : २०७८।१०।०९ गतेको कार्यपालिका वैठकका प्रस्तावहरु

१. विशेष कक्षा सञ्चालन सम्वन्धी कार्यविधि, २०७८ सम्वन्धमा ।

२. खानेपानी आयोजनाको श्रोत सुनिश्चिता गर्ने सम्वन्धमा ।

३. प्राथमिक अस्पतालको भवन निर्माणको श्रोत सुनिश्चिता गर्ने सम्वन्धमा ।

४. प्रगति समिक्षा गर्ने सम्वन्धमा ।

५. रकम विनियोजन गर्ने सम्वन्धमा ।

६. एफ.एम.रेडियो निर्माणको जिम्मा सम्वन्धमा ।

७. आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना तथा सञ्चालन सम्वन्धमा ।

८. वर्थिङ्ग सेन्टरको स्थापना तथा सञ्चालन सम्वन्धमा ।

९. करार कर्मचारीको सेवा करार अवधि थप गर्ने सम्वन्धमा ।

१०. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृति गर्ने सम्वन्धमा ।

११. रकमान्तर तथा योजना संसोधन सम्वन्धमा ।

१२. योजनाहरुको समयावधी थप गर्ने सम्वन्धमा ।

१३. प्रमुख प्रशासकीय अधिकृत खटाउन अनुरोध गर्ने सम्वन्धमा ।

१४. समपुरक आयोजनाको रकम उपलव्ध गराउने सम्वन्धमा ।

मिति : २०७८।१०।०९ गतेको नगर कार्यपालिकाको वैठकका निर्णयहरु

निर्णय नं. १: नलगाड नगरपालिकाको विशेष कक्षा सञ्चालन सम्वन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २: नलगाड नगरपालिका भौगोलिक रुपमा विकट भएको र योजनाहरुको निर्माण कार्यमा कोभिड-१९ लगायतको कारणले कठिनाई भएको राष्ट्रिय योजना आयोगबाट आ.व. २०७८।७९ मा सम्पन्न हुने गरी **भेरीखोला मुहान भई काँडादल्ली, खगेनकोट बफेलगाउँ बृहत खानेपानी योजनाको** नलगाड न.पा. ७ मा बजेट विनियोजन भएकोमा उक्त योजना बोलपत्र आव्हान भई निर्माण व्यवसायीसँग सम्झौता भई भईसकेको र विनियोजित बजेटबाट सम्पूर्ण घरपरिवारलाई खानेपानी नपुग्ने हुदाँ बोलपत्र आव्हान गरी बचत भएको रकमबाट पुन बोलपत्र गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र उक्त योजनाको नाम **काँडादल्ली, खगेनकोट बफेलगाउँ बृहत खानेपानी योजना फेज-२**

नाम दिने मिति २०७७।१२।२९ गतेको नगर कार्यपालिकाको निर्णय भएकोले उक्त योजनाको संघीय सरकारबाट श्रोत सुनिश्चिता नभएमा स्थानीय तहको आर्थिक वर्ष २०७९।८० को नगर सभाबाट बजेट विनियोजन हुनेगरी निर्माणमा निरन्तरता दिने गरी श्रोत सुनिश्चिता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीलाई स्तरवृद्धि गरी १५ सैयाको प्राथमिक अस्पताल निर्माणको लागि बजेट विनियोजन भएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलब्ध गराएको नमुना नक्सा बमोजिम प्राथमिक अस्पतालको भवन निर्माणको लागि साविक हेल्थ पोष्ट खगेनकोट (हाल प्राथमिक स्वास्थ्य केन्द्र दल्ली) को नाममा रहको कित्ता नं. १७ को २-४-१-२ क्षेत्रफल तथा कि.नं. ५८५ को १-४-३-३ क्षेत्रफल र श्री त्रिभुवन मा.वि. दल्लीको ३० वर्ष भोक चलनको सहमति प्रदान गरेको हुदाँ श्री त्रिभुवन मा.वि. दल्लीको कित्ता नं. १२८५ बाट ५ रोपनी जग्गा समेत उपयोग हुने गरी जम्मा ८-९-१-१ क्षेत्रफलको जग्गामा तोकिएको मापदण्डमा अस्पतालको भवन निर्माण नहुने भई पुन भवन निर्माणको नक्सा परिमार्जन गर्नुपरेकोले लागत अनुमान थप भई कुल लागत अनुमान रु. २४,४४,०६,६३३।५६ (कन्टिजेन्सी बाहेक) अक्षरुपी चौविस करोड चौवालिस लाख छ हजार छसय तेत्तिस रुपैया र छपन्न पैसामा बोलपत्र आव्हान भएकोमा मिति २०७८।०६।२२ मा प्रेरा/खड्का कृष्ण/क्याराभान जे.भी.सँग मिति २०८० आषाढ मसान्तसम्म १५ सैयाको प्राथमिक अस्पताल भवन निर्माण सम्पन्न गर्ने गरी **रु. २२,०२,६३,५५८।६५ अक्षरुपी बाईस करोड दुईलाख त्रिसठ्ठी हजार पाँचसय अन्ठाउन्न रुपैयाँ र पैसठ्ठी पैसा**को लागत अनुमानमा निर्माण सम्झौता भई निर्माण कार्य सुरु भएको र संघीय सरकारबाट रु. १८,०६,८२,०००।० अक्षरुपी अठार करोड छलाख बयासी हजार स्रोत सुनिश्चित भईसकेको हुदाँ बाँकी अपुग हुने रु. ३,९५,८१,५५८।६५ अक्षरुपी तीन करोड पन्चानव्वे लाख एकासी हजार पाँचयस अन्ठाउन्न रुपैया पैसठ्ठी पैसा र कन्टिजेन्सी वापतको ४ प्रतिशत रकम रु. ८८१०५४२।३५ अक्षरुपी अठासी लाख दश हजार पाँचसय बयालिस रुपैया पैतिस पैसा समेत जम्मा रु. ४,८३,९२,१०१।० अक्षरुपी चार करोड त्रियासी लाख बयानव्वे हजार एकसय एक रुपैयाँ मात्र आर्थिक वर्ष २०७९।८० र २०८०।८१ को नगरसभाबाट श्रोत सुनिश्चितता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** नलगाड नगर कार्यपालिकाको हालसम्मको अर्धबार्षिक प्रगति विवरणको विषयमा छलफल गरियो । प्रगति सन्तोषजनक नै रहेको देखियो । समिक्षा वैठकमा उठान भएका विषयहरु प्रति ध्यानाकर्षण गर्दै योजना तथा कार्यक्रम र बजेट प्रभावकारी रुपले परिचालन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने र सवै जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुले नलगाड नगरपालिकाको दीर्घकालिन

सोच "**समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको लहर**" लाई परि लक्षित हुने गरी प्रभावकारी तवरले कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** (क) जिल्ला मालपोत कार्यालय जाजरकोटबाट आर्थिक वर्ष २०७७७८ को राजश्व बाँडफाँट वापत प्राप्त रकमको तपसिल बमोजिमको योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | योजना तथा कार्यक्रम विवरण | स्थान | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | मालपोत कार्यालय जाजरकोट अनुदान | भे.न.पा. | १२६००० | |
| २. | भ्याक्सिनेटर तलवभत्ता | न.न.पा. ४ | १४४००० | |
| ३. | स्वास्थ्य संस्थाहरुको समिक्षा वैठक | नगरक्षेत्र | २००००० | |
| ४. | गराग्ली कृषक बाखा पालन समुह | वडा नं. ६ | ५०००० | |
| ५. | हरियाली कृषक समुह | वडा नं. ६ | ५०००० | |
| ६. | विद्यालयहरुमा किटवक्स वितरण | नगरक्षेत्र | २५०००० | |
| ७. | छपाई तथा मसलन्द सामग्री खरिद | नगरपालिका | ४००००० | |
| | **जम्मा चालुगत बजेट** | | **रु. १२२००००** | |
| १. | कट्के स्वास्थ्य पहिरो व्यवस्थापन | वडा नं. ३ | १००००० | |
| २. | वग्र खानेपानी मर्मत योजना | वडा नं. ७ | १५०००० | |
| ३. | चौखा विद्युत मर्मत योजना | वडा नं. ११ | १००००० | |
| ४. | वडा कार्यालय धारा निर्माण योजना | वडा नं. ७ | १००००० | |
| ५. | भानुभक्त मा.वि. गेट निर्माण योजना | वडा नं. ४ | ६०००० | |
| ६. | साप्नेखेत सिचाई निर्माण योजना | वडा नं. ८ | ८०००० | |
| ७. | प्रहरी चौकी टि.भि.खरिद योजना | वडा नं. ५ | २२००० | |
| ८. | मन बहादुर रावल टिनको छाना वितरण | वडा नं. ४ | ४०००० | |
| **जम्मा पुँजीगत बजेट रु.** | | | **६५२०००** | |

५.(ख) नलगाड नगरपालिका वडा नं. ५ को शहिद स्मृति भवन निर्माण योजनाको वोलपत्र आव्हान भई बचत भएको समपुरक रकम रु. ८,००,०००।० तपसिल बमोजिमको योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजना तथा कार्यक्रम विवरण | स्थान | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ज्वालादल गण सडक निर्माण अनुदान | भे.न.पा. | १५०००० | |
| २. | जिल्ला अदालत जाजरकोट अनुदान | भे.न.पा. | १००००० | |
| ३. | स्वास्थ्य सेवा कार्यालय अनुदान | भे.न.पा. | २००००० | |
| ४. | नगरपालिका पुँजीगत सामग्री खरिद | नगरपालिका | २२०००० | |
| ५. | चिउरी सिचाई कुलो मर्मत योजना | वडा नं. १० | ८०००० | |
| ६. | भयार मन्दिरको छाना निर्माण | वडा नं. ५ | ३०००० | |
| **जम्मा पुँजीगत बजेट रु.** | | | **८०००००** | |

५.(ग) नलगाड नगरपालिका जाजरकाटमा सशर्त अनुदान अर्न्तगत प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रमबाट तपसिल बमोजिमको योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजना तथा कार्यक्रम विवरण | स्थान | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | छरेखोला रुमली खानेपानी मर्मत | वडा नं. २ | ४००००० | |
| २. | विगिचौर खर्सेनी देखि तेश्रालेकसम्म घोरेटो बाटो निर्माण | वडा नं. १३ | २५३००० | |
| ३. | कालीमाटी गणेशको घरदेखि जिरोप्वाईन्टसम्म सडक मर्मत | नलगाड ५ | २५०००० | |
| ४. | नमुना बस्ती फिल्ड निर्माण | वडा नं. ८ | १००००० | |
| **जम्मा पुँजीगत बजेट रु.** | | | **१०३००००** | |

५.(घ) नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को लागि विनियोजित चालुगत खर्चबाट तपसिल नलगाड नगरपालिका विनियोजन ऐन, २०७८ संसोधन सहितको दफा ४ को उपदफा (१) बमोजिम तपसिल बमोजिम रकमान्तर गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | साविक खर्च शीर्षक | हालको खर्च शीर्षक | बजेट रु. |
|---|---|---|---|
| १. | सेवा परामर्श खर्च (२२४११) | मसलन्द तथा कार्यालय सामग्री (२२३११) | ३००००० |
| २. | स्थानीय भत्ता (२११३१) | मसलन्द तथा कार्यालय सामग्री (२२३११) | ३००००० |
| ३. | कार्यक्रम खर्च (२२५२२) | विविध कार्यक्रम रेडियो हाम्रो पाईला | ५०००० |
| ४. | कार्यक्रम खर्च (२२५२२) | शहिद दिवश सप्ताह कार्यक्रम | ३०००० |
| ५. | सेवा परामर्श (२२४११) | भिडियो निर्माण माउन्टेन टि.भि. | ५०००० |
| ६. | सेवा परामर्श (२२४११) | भिडियो डकुमेन्ट्री निर्माण वडा नं. ५ | १००००० |
| ७. | मानसिक रोग सम्वन्धी परामर्श सेवा सञ्चालन कार्यक्रम | स्वास्थ्य सम्वन्धी सामान ढुवानी | १००००० |
| ८. | गाउघर किलनिक नसर्ने रोग व्यवस्थापन कार्यक्रम | स्टोर व्यवस्थापन तथा अन्य छपाई सामग्रीहरु | १००००० |

**निर्णय नं. ६:** नलगाड नगरपालिका वडा नं. ४ को खान्टाकुरामा निर्माण तथा सञ्चालन गरिने नलगाड एफ.एम. निर्माण तथा सञ्चालनको जिम्मेवारी **जनादेश सञ्चार केन्द्र नेपाल, नलगाड न.पा. ४ जाजरकोटलाई** दिने र नगर सभाबाट विनियोजित बजेट रु. २८,५०,०००।० को अनुदानमा सम्झौता गरी विनियोजित बजेट उक्त सञ्चार केन्द्रलाई उपलव्ध गराउन नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नलगाड नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (संसोधन सहित) तथा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ र २०७८।७९ को बार्षिक नीति तथा कार्यक्रम र नलगाड नगरपालिकाको आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१) र दफा ४ को उपदफा (१), (२) र

(३) बमोजिम तपसिलको स्थानहरुमा आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | संस्थाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्र, कट्के | नलगाड न.पा. ३ जाजरकोट | |
| २. | आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्र, रावतगाउँ | नलगाड न.पा. १० जाजरकोट | |
| ३. | आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्र, सिउन | नलगाड न.पा. १३ जाजरकोट | |

**निर्णय नं. ८:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नलगाड नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (संसोधन सहित) तथा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ र २०७८।७९ को बार्षिक नीति तथा कार्यक्रम बमोजिम तपसिलको स्थानहरुमा वर्थिंग सेन्टर थप गरी सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | स्वास्थ्य चौकी डाँडागाउँ क | नलगाड न.पा. २ जाजरकोट | |
| २. | आधारभुत स्वास्थ्य सेवा केन्द्र, अनापानी | नलगाड न.पा. १ जाजरकोट | |

**निर्णय नं. ९:** (क) नलगाड नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरुमा साविक देखि सेवा करारमा कार्यरत सूचना प्रविधि अधिकृत, सव ईञ्जिनियर, असिस्टेन्ट सव ईञ्जिनियर, प्रशासन सहायक, हेभि सवारी चालक, हल्का सवारी चालक, श्रेणीविहिन कर्मचारी (स्वीपर, चौकिदार, पाले, कार्यालय सहयोगी) स्थायी कर्मचारीहरु पदपुर्ति भई आएमा स्वतः पदमुक्त हुने गरी साविक भुक्तानी भए बमोजिम सेवा सुविधा उपलब्ध गराउने गरी मिति २०७८।१०।०१ देखि २०७९ आषाढ मसान्तसम्म ६ महिना करार सेवा अवधि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ख) नलगाड नगर कार्यपालिकाको कार्यालय अर्न्तगतका विषयगत शाखाहरुमा साविक देखि सेवा करारमा कार्यरत एक गाउँ एक कृषि प्राविधिक, एक गाउँ एक प्राविधिक (पशु सेवा) र आधारभुत

स्वास्थ्य तथा सरसफाई शाखामा अर्न्तगत विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत अ.न.मी., अ.हे.व., असिस्टेण्ट ल्याव टेक्निसियन र कार्यालय सहयोगीहरुको पदावधी स्थायी कर्मचारीहरु पदपुर्ति भई आएमा स्वतः पदमुक्त हुने गरी साविक भुक्तानी भए बमोजिम सेवा सुविधा उपलब्ध गराउने गरी मिति २०७८।१०।०१ देखि २०७९ आषाढ मसान्तसम्म ६ महिना करार सेवा अवधि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. १०:</u> नलगाड नगरपालिका क्षेत्रको नदीजन्य पर्दाथको उत्खनन तथा विक्रि वितरणको लागि **ढुंगा, गिटि, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७** बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ११:</u> नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७८ को दफा ४ को उपदफा (१) बमोजिम तपसिल बमोजिमका योजनाहरु संसोधन तथा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | साविक योजना | कार्यान्वियन हुने योजना | बजेट रु. |
|---|---|---|---|
| १ | करुवा देखी तल्लो पाटाचौर हुदै कट्के सडक निर्माण नलगाड न.पा. वडा नं. ३ | कट्केदेखि रंगपाल सडक निर्माण नलगाड न.पा. वडा नं. ३ | १०००००० |
| २. | वडाखेल मुहान भई स्याला खानेपानी मर्मत योजना वडा नं. १ | वढापानी सिपरीखोला मुहान भई पुवाडाँडासम्म खा.पा. निर्माण वडा नं. १ | ६५०००० |
| ३. | वढापानी सिपरीखोला मुहान भई पुवाडाँडासम्म खा.पा. निर्माण वडा नं. १ | | |
| ४. | वडा कार्यालय मार्फत राहत वितरण कार्यक्रम वडा नं. १ | गुर्सु देखि भानेवगर भोलुंगे पुलसम्म घोरेटोबाटो निर्माण योजना वडा नं. १ | ७१२००० |
| | | मोटरसाईकल मर्मत | ५०००० |
| ५. | जनजागरण प्रा.वि. मान्चौर पक्की भवन निर्माण वडा नं. ४ (प्रधानमन्त्री रोजगार कार्यक्रम) | पीपलचौरमा भगवती मन्दिर निर्माण वडा नं. ४ | १००००० |
| | | घुवारा भगवती मन्दिर निर्माण वडा नं. ४ | १००००० |
| | | जनता प्रा.वि. पीपलचौर वाल निर्माण वडा नं. ४ | २००००० |
| ६. | कालाचिउरा, ओरख्याल, दह, चिउरामुरा गोरेटो बाटो निर्माण वडा नं ४ प्रधानमन्त्री रोजगार कार्यक्रम | पिण्डलेखी, कैलासी देउताको मन्दिर सुधार योजना वडा नं ४ | २००००० |

**निर्णय नं. १२**: नलगाड नगरपालिकाबाट आ.व. २०७७।७८ सम्ममा निर्माण सम्पन्न हुने गरी सम्झौता भएका कोभिड-१९ र भौगोलिक विकटता लगायतका कारणले निर्माण सम्पन्न हुन नसकेका तपसिल बमोजिमका आयोजनाहरुको कोभिड-१९ को कारण नेपाल सरकारले गरेको निर्णयलाई आधारमानि पुन समयावधि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | निर्माणाधिन आयोजना | सम्झौता अवधि | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालयको भवन निर्माण योजना वडा नं. ७ | २०७८ कार्तिक | २०७८ फागुन | |
| २. | वडा नं. २ को वडा कार्यालय भवन निर्माण योजना | २०७८ असौज | २०७८ फागुन | |
| ३. | वडा नं. ६ को वडा कार्यालय भवन निर्माण योजना | २०७८ असौज | २०७८ फागुन | |
| ४. | वडा नं. १२ को वडा कार्यालय भवन निर्माण योजना | २०७८ असौज | २०७८ फागुन | |
| ५. | सामुदायिक स्वास्थ्य एकाई भवन निर्माण योजना वडा नं. १३ सिउन | २०७८ पौष | २०७८ फागुन | |

**निर्णय नं. १३**: यस नलगाड नगरपालिकामा कार्यरत निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंहको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६०९ मिति २०७८।०९।२५ को पत्रानुसार मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत अन्तर्गत काज सरुवा भएको र निजलाई प्रचलित कानुन बमोजिम रमाना उपलब्ध गराउनुपर्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (४) बमोजिम यथाशिघ्र प्रमुख प्रशासकीय अधिकृत खटाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४**: कृषि क्षेत्र विकास कार्यक्रम, कार्यक्रम समन्वय कार्यालय सुर्खेतको चलानी नं. २५७ मिति २०७८।१०।०२ गतेको प्राप्त पत्रानुसार नलगाड नगरपालिका वडा नं. १ को **बैरीताल अनापानी कृषि सडक योजना** निर्माणको लागि यस कार्यालयसँग भएको समझदारी पत्र बमोजिम कुल लागत रु. **१,९९,७६,५१४।६५** को १० प्रतिशत रकम बराबर रु. **१९,९९,६५२।०** अक्षरुपी उन्नाईस लाख उनान्सय हजार छसय बाउन्न मात्र कृषि क्षेत्र विकास कार्यक्रम सुर्खेतको राष्ट्रिय बाणिज्य बैंक सुर्खेतमा रहको कार्य संचालन कोष खाता नं. ४०८०१००१०२०६०००० मा समपुरक रकमबाट जम्मा गर्न नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।